नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं.- ०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email: dao.gorkha@gmail.com
URL: daogorkha.moha.gov.np

मिति: २०७७।०७।०२

## जिल्ला प्रशासन कार्यालय, गोरखाको अत्यन्त जरुरी सूचना

२०७७ सालको वडा दशै, दिपावली, नेपाल सम्वत, ल्होसार पर्वको पावन अवसरमा सम्पूर्ण जिल्लाबासीहरुमा सुख, शान्ति, सम्वृद्धिको कामना गर्दै महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमणबाट पोजेटिभ केस बढ्दै गईरहेको वर्तमान अवस्थामा उल्लेखित चाड मनाउँदा आफु र आफ्ना परिवारसँग मात्र बसेर मनाउनु होला । विगतमा जस्तो आफन्तहरुकोमा जाने, भिडभाड गर्ने, जम्मा हुने, नाँचगाँन गर्ने, होहल्ला गर्ने जस्ता कार्य नगर्नु / नगराउनु हुन अनुरोध गर्दछौं । यसै गरी विभिन्न धर्मावलम्बीहरुले आ-आफ्ना चर्च, मस्जिद, गुम्बाहरुमा भेला जम्मा भइ कार्यक्रम गर्ने, प्रार्थना गर्ने, संगती गर्ने जस्ता क्रियाकलापहरु भइरहेको सूचना प्राप्त भएकोले यस्ता गतिविधि नगर्न / नगराउन समेत सबैमा सूचित गरिन्छ ।

यसका साथै वडादशै तथा तिहारमा हालिने विभिन्न प्रकारका पिंङको कारण जमघट हुने हुँदा सो को माध्यमबाट कोरोना संक्रमण बढ्ने देखिएकोले पिङहरु नहालिदिनु हुन अनुरोध छ । यसको परिपालना गराई कोरोना संक्रमण नियन्त्रण, रोकथाम तथा जोखिम न्यूनीकरणमा सहजीकरण गरिदिन जिल्लामा क्रियाशिल सबै राजनीतिक दल, सबै स्थानीय तह, सबै सञ्चार माध्यम, सामाजिक संस्था, युवा क्लव, आमा समुह, सामुदायिक सघसंस्थाहरुलाई हार्दिकता पुर्वक अपिल गरिन्छ ।

गोरखामा चल्ने छोटो, मध्यम, लामो दुरीका सार्वजनिक सवारी साधनहरु सञ्चालन गर्दा स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई मिति २०७६ चैत्र ११ गते अगावै कायम भएका नियमित भाडा दरमात्र लिई सिट क्षमता अनुसार अट्ने यात्रु राखी आवागमनको व्यवस्था मिलाउनु हुन सबै यातायात व्यवसायी कम्पनीलाई सुचित गरिन्छ ।

उल्लेखित गतिविधि भएको पाइएमा नजिकको प्रहरी इकाइ, जिल्ला प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय, गोरखामा खबर गरिदिनु हुन सबैलाई अनुरोध छ । कोही कसैले माथि उल्लेखित कार्य गरे / गराएमा स्थानीय प्रशासन ऐन, २०२८ तथा संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही गरिने हुँदा सोही व्यहोरा जानकारी गराईन्छ ।

२०७७/७/२

तिर्थराज भट्टराई
प्रमुख जिल्ला अधिकारी